नेपाल सरकार

अर्थ मन्त्रालय

# आन्तरिक राजस्व विभाग

## (नीति विश्लेषण शाखा)


फोन नं. ४४१५८०२
४४१५८०३
४४१९७१९
४४१४५६४
एक्सटेन्सन २२०, २१७
फ्याक्स नं. ४४११७८८

Website: www.ird.gov.np


**प.सं.:२०७४/७५** **लाजिम्पाट, काठमाडौ**

**च. नं. ६**

मितिः २०७४।०४।११

विषय : पूंजीगत लाभकर सम्बन्धमा संसोधित व्यवस्था ।

श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर,
श्री आन्तरिक राजस्व कार्यालय सबै,
श्री करदाता सेवा कार्यालय सबै ।

उपर्युक्त विषयमा हाल प्रयोग गरिदै आएको जग्गा तथा घरजग्गा नि:सर्गमा भएको पूंजीगत लाभको घोषणा फारम प्राकृतिक व्यक्तिको लागि मात्र भएकोमा निकायको लागि समेत छुट्टै घोषणा फारम स्वीकृत गरी देहाय बमोजिमको परिमार्जित व्यवस्थासाथ उक्त घोषणा फारम र अग्रिम कर असुलीको विवरण फारम संलग्न गरी कार्यान्वयनको लागि श्री भूमिसुधार तथा व्यवस्थापन विभागलाई च.नं.२, मिति २०७४।०४।०४ को पत्रबाट पत्राचार गरिसकिएको हुँदा सम्बन्धित मालपोत कार्यालयबाट सो निर्णय बमोजिम भए/नभएको अवस्थाको आवश्यक अनुगमनको लागि आदेशानुसार अनुरोध छ । परिमार्जित पूंजीगत लाभको घोषणा फारम तथा अग्रिम कर असुलीको विवरण फारम यसै पत्रसाथ संलग्न छन् ।

१) पूंजीगत लाभमा अग्रिम कर गणना गर्ने प्रयोजनको लागि जग्गा विकास खर्च दाबी गर्न नदिने र भवन निर्माणको लागतको हकमा सम्बन्धित गाँउपालिका वा नगरपालिकाबाट सो भवन निर्माण सम्पन्न भएको मितिको मूल्याङ्कन बमोजिम हुने लागत मात्र घटाई पूंजीगत लाभ र करको गणना गर्नुपर्ने ।

२) मालपोत कार्यालयमा घटाउन नपाएको जग्गा विकास खर्च र भवन निर्माण खर्च निसर्गकर्ताले आय विवरण दाखिला गरी दाबी गर्न सक्ने ।

३) प्रत्येक मालपोत कार्यालयले अग्रिम कर असुल गरी सो को विवरण आयकर ऐन,२०५८ को दफा ९५क. को उपदफा (८) बमोजिम प्रत्येक महिना समाप्त भएको पच्चीस दिनभित्र विभागले तोकेको तरिका र ढाँचामा सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा पठाउनुपर्ने ।

४) एक करोड रूपैयाँभन्दा वढी रकमको खरिद बिक्री भएको भए खरिदकर्ता तथा बिक्रेता दुवैले अनिवार्य रूपमा स्थायी लेखा नम्वर उल्लेख गर्नुपर्ने ।

(प्रमोद कुमार श्रीवास्तव )
शाखा अधिकृत

परिमार्जित पूंजीगत लाभको घोषणा फारम तथा अग्रिम कर असुलीको विवरण फाराम यहाँ बाट डाउनलोड गर्न सकिन्छ।